# हामी न्यायको पर्खाइमा छौं !

# मानव अधिकारको गम्भीर उल्लंघनसम्वन्धी

# अन्तर्राष्ट्रिय फैसलाहरु कार्यान्वयनको आवश्यकता

सन् २००८ देखि सन् २०२१ सम्म नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको कार्यान्वयनको स्थिति अनुगमन गर्ने अर्धन्यायिक निकाय, संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले, नागरिक तथा राजनीतिक अधिकारहरु उल्लंघनको विषयमा व्यक्तिगत वा मानव अधिकार संघसंस्थाद्वारा नेपालविरुद्ध दायर गरिएका २६ वटा निवेदनहरुमाथि फैसला (सिफारिस) गरिसकेको छ । ती निवेदनहरुनिम्न उल्लंघनसँग सम्वन्धित छन् :



**यातना**

तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार



निष्पक्ष सुनुवाईको उल्लंघन



वलपूर्वक वेपत्ता पार्ने कार्य



गैर न्यायिक हत्या



यौन हिंसा



जवरजस्ती श्रम

यी उल्लंघनहरु सन् **१९९९ देखि २०११** को बीचमा भएका थिए। **सबै मुद्दाहरुमा मानव अधिकार समितिले नेपाल आफ्नो अन्तर्राष्ट्रिय दायित्वहरुको उल्लंघनका लागि जिम्मेवार छ भनी फैसला गरेको छ**।

अरु मध्य, मानव अधिकार समितिले निम्न उल्लंघन**हरु** ठहर गरेको छ :



उपचारको अधिकार



न्यायिक व्यक्तित्वको अधिकार



यातनाविरुद्धको अधिकार



वैयक्तिक स्वतन्त्रताको अधिकार



जवरजस्ती श्रममा लगाउन नहुने



बाच्न पाउने अधिकार

८५ व्यक्तिहरुलाई यी उल्लंघनहरुले गर्दा पीडित भएका छन :







(अपराध भएको समयमा)




(पीडित आफैले गरेको पहिचानको आधारमा)

यी सबै मुद्दाहरुमा मानव अधिकार समितिले पीडितहरु लाई प्रभावकारी उपचार प्रदान गर्नका लागि परिपूरणका उपायहरु अवलम्वन गर्नु पर्ने भनी फैसला गरेको छ ।



TRIAL International · ADVOCACY FORUM · HUMAN RIGHTS AND JUSTICE CENTRE

हालसम्म




क्षतिपुर्तिको सम्वन्धमा, तीन जना पीडितहरुले केही रकम ( रु १५०००० ) प्राप्त गरेका छन् । यो रकम, कुनै पनि हालतमा, पिडाको गाम्भिर्यता अनुरूपको छैन।

**वलपूर्वक वेपत्ता पार्ने कार्य, यातनाको कानून र यी अपराधहरु भएको अवस्थामा उजुरी गर्ने हदम्याद संशोधन भईसकेता पनि यिनिहरु अन्तर्राष्ट्रिय मापदण्डहरुसँग मेल खाँदैनन।**






नेपालले ७ वटा मुद्दाहरुमा मात्र कार्यान्वयनको प्रगति विवरण मानव अधिकार समितिलाई बुझाएको छ । नेपालले कुनै पनि मुद्दाहरुको कार्यान्वयनसम्वन्धी विषयमा समितिसँग नियमित र निरन्तरसंवाद गरेको छैन । समितिले विभिन्न उपायहरुको कार्यान्वयनको स्तरको मुल्यांकन गरी नेपाललाई “ग” वर्गमा राखेको छ जसको अर्थ हुन्छ “गरिएका कार्यहरुले सिफारिसहरुको कार्यान्वयन भएको छैन” ।




**यी मुद्दाहरुको फैसला कार्यान्वयनको सम्वन्धमा पीडितहरुले सरकारी निकायका प्रतिनिहिरु छलफल लगायतका प्रयास गर्न खोज्दा ती निकायहरु उदासिन रहेको तथा पीडितहरुलाई भेट्न समेत अनुच्छुक रहेका पाइएकोछ ।**




**न्यायको पर्खाइ कहिले सम्म?**

मानव अधिकारको गम्भीर उल्लंघनसम्वन्धी अन्तर्राष्ट्रिय फैसलाहरुको कार्यान्वयन नहुनुले पीडितलाई अन्याय हुने तथा पुन पीडित बनाउने मात्र नभई यसले अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र विधिको शासनको समेत अवमुल्यन गर्दछ र अन्तर्राष्ट्रिय दायित्वको उल्लंघन गर्ने राज्यले त्यसको परिणाम केही पनि भोग्न नपर्ने भन्ने गलत सन्देश पनि फैलिनसक्छ ।

TRIAL International    ADVOCACY FORUM    HUMAN RIGHTS AND JUSTICE CENTRE

**नेपालले अन्तर्राष्ट्रिय दायित्वहरुको सम्मान गर्नु अत्यावश्यक छ। तसर्थ, नेपाललाई निम्न विषयहरु यथासिघ्र सुनिश्चित गर्न आव्हान गरिएको छ :**

- पीडित, पीडितका प्रतिनिधिहरु र मानव अधिकार समितिसँग फैसला कार्यान्वयनको विषयमा ढिलो नगरिकन संवाद शुरु गर्न गराउन ।
- परिपूरणका उपायहरुको कार्यान्वयनका लागि निश्चित निकायलाई जिम्मेवारी दिन र समयसिमा तोक्न ।
- स्वास्थ्य उपचार र मनोसामाजिक पुनर्स्थापनालाई पहिलो प्राथमिकताको रुपमा कार्यान्वयन गर्न गराउन ।

थप जानकारीका लागि:
www.trialinternatonal.org
www.hrjc.org.np
http://www.advocacyforum.org/